# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः २०७५।०७६-

मितिः २०७५।१२।४

श्री प्रमुखज्यू,
बर्दघाट नगरपालिका,
नवलपरासी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार-** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणबाट रु.१ करोड ९४ लाख ३९ हजार बेरुजू देखिएको छ । सोमध्ये असूल गर्नुपर्ने रु.४३ लाख १० हजार, नियमित गर्नुपर्ने रु.४९ लाख २८ हजार, पेश्की रु.१ करोड २ लाख १ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व एकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ८ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय-** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# बर्दघाट नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७४।०७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यसको उद्देश्य रहेको छ । यो नगरपालिका अन्तर्गत १६ वडा ८२ सभासदस्य, १६२.०५ व.कि.मी.क्षेत्रफल, ५५३८२ जनसंख्या  तथा ५ नम्वर प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोषः** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चितकोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५,१९,३४,६६३।२५ | १ | चालु खर्च | | ३,१४,१३,८५५।९९ |
| | क)मूल कोष खाता | ४,८२,९२,२९३।२५ | | २ | पूजीगत खर्च | | २७,९६,०५,८८६।०० |
| | ख) धरौटी | १९,९६,०३७।०० | | ३ | वित्तीय व्यवस्था भु. | | |
| | ग)विशेष कोषहरु | १६,४६,३३३।०० | | | क)व्याज भुक्तानी | | १,३३,३२५।०० |
| २ | राजस्व (आन्तरिक आय) | | ४,७८,९०,९०६।९० | ४ | ऋण लगानी | | २८,५०,०००।०० |
| ३ | वित्तीय हस्तान्तरण | | | ५ | धरौटी फिर्ता | | २१,८१,८६३।०० |
| | क)वित्तीय समानीकरण अनुदान | | २८,७३,५५,०००।०० | ६ | कोष खर्च | | १,६४,५०३।०० |
| | ख) सशर्त अनुदान | | १४,८१,६९,९४१।६१ | ७ | मौज्दात | | ४,६०,८८,८०५।९६ |
| | ग) सामाजिक सुरक्षा अनुदान अनुदान | | ९,४४,८९,०६०।०० | | क) नगद मौज्दात | | |
| | घ)बहु क्षेत्रीय पोषण कार्यक्रम | | १५,४७,२८०।०० | | ख) बैंक मौज्दात | ३,८१,१६,१७३।९६ | |
| | ङ)स्थानीय शासन तथा सा.वि.कार्यक्रम | | १२,४१,६४१।०० | | ग)विशेष कोष खाता | २१,९६,३३३।०० | |
| ४ | वित्तीय व्यवस्था प्राप्ती (ऋण) | | ३०,३७,९०७।०० | | घ)धरौटी मौज्दात | ५७,७६,२९९।०० | |
| ५ | विभिन्न कोषहरुको आय | | ५,५०,०००।०० | | | | |
| ६ | सडक बोर्ड नेपालबाट आय | | २९,५९,७१५।०० | | | | |
| ७ | धरौटी आय | | ५९,६२,१२५।०० | | | | |
| | **जम्मा** | | **६४,५१,३८,२३८।९५** | | **जम्मा** | | **६४,५१,३८,२३८।९५** |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम तर्जुमा**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरीआगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले मिति २०७४।०६।०६मा नगरसभाबाट बजेट पारित गरीविषयगतक्षेत्र तोकेतापनि योजनाको प्राथमिकिकरण गरेको देखिएन । कार्यक्रममा दोहोरोपना हुन नदिन योजनाको प्राथमिकिरण, विषयगत कार्यक्रमलाई स्पष्ट तोकी कार्यक्रम निर्धारण गर्नुपर्दछ । | |
| २. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून र सोको मापदण्ड तय गरेको छैन । नगरपालिकाले यो वर्ष बजेट विनियोजन गरी नगरप्रोफाइल तयार गरेतापनि उक्त प्रोफाइलमा द्वितीय तथ्यांक मात्र तयार गरेको छ । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले | |

| | | |
|---|---|---|
| | उचित सार्थकता नपाउने हुदा  नगरपालिकाले अभिलेख व्यवस्थापन लाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ३. | **विद्युतीय लेखा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै नगरपालिकाहरुले सूत्र सफ्टवेयर प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले सांग्रिला  माईक्रो सिस्टम सफ्ट वेयर प्रयोग गरी  विधुतिय लेखा प्रणाली प्रयोगमा ल्याएको देखियो । प्रयोग भएको सफ्टवेयरको विस्वसनियता परीक्षण गरी सम्बन्धित निकायबाट स्वीकृती समेत लिएको नदेखिएकोले नगरपालिकाको आय व्यय हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन । | |
| ४. | **आय व्ययको लेखा:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी निकासा दिदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता  र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम सञ्चालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ तथा आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोवारको यथार्थ चित्रण गर्दछ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । यस कार्यालयको श्रेस्ता परीक्षण गर्दा बैंक नगदी कितावमा देखाएको बजेट खर्च र आर्थिक विवरणमा देखाएको खर्चमा मेल नखाएको, पेश्की दिएको र फछ्र्यौट गरेको अभिलेख भिडान नभएको, बैंक हिसाव विवरण तयार नगरेकोले आर्थिक वर्षको अन्त्यमा बैंक मौज्दात हुनुपर्ने रकम एकिन हुन नसकेको, जस्ता समस्या देखिएका छन । कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त निकासा र बैंक मौज्दात रहेको रकमको आधारमा आर्थिक विवरण तयार गरेकोले कार्यालयले पेश गरेको आर्थिक विवरण यथार्थपरक रहेकोमा विश्वस्त हुन सकिएन् । यस सम्वन्धमा कार्यालयले आवश्यक छानविन गरी श्रेस्ता अभिलेखसंग भिडान हुनेगरी आर्थिक विवरण तयार गर्नु पर्दछ । | |
| ५. | **स्रोत नक्सांकन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । स्रोत नक्सा बमोजिम विकास निर्माण तथा कार्यक्रम सञ्चालन गरी नगरक्षेत्रमा दिगो र गुणस्तरिय कार्यावन्यन गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ६. | **लक्ष्य तथा प्रगती:**  कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगती तयार गर्नुपर्दछ । लेखापरीक्षणमा उपलव्ध विवरण अनुसार मुल र सहायक कार्यक्रम गरी ६२९ वटा कार्यक्रम सम्पन्न गर्ने लक्ष्य लिएकोमा ५९३  कार्यक्रम मात्र सम्पन्न गरी ३६ वटा विभिन्न शुन्य प्रगती देखिएको छ । स्वीकृत सम्पूर्ण कार्यक्रम पुरा गर्ने र योजनाहरु समयमै सम्पन्न गरी लाभग्राहीलाई दिइने सेवालाई प्रभावकारी बनाउनेतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | |
| ७. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरीकार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार  गरीलागू गरेको देखिएन । प्रचलित नियमको पालना गरीआन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ । | |
| ८. | **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने, प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्ने असूल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले  आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा १ पटकमात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको छ । कार्यालयले प्रभावकारी ढंगबाट आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजू समयमै फछ्र्यौट गर्नु गराउनु पर्दछ । | |

९. **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष पूँजीगत खर्च रु.२७,२६,८१,५८८।-भएको मध्ये तेश्रो चौमासिकमा रु.११,१९,३८,८८९।-अर्थात ४१.०५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेश्रो चौमासिकमा खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । आर्थिक वर्षको अन्तमा सम्पन्न गरिने कामको गुणस्तर समेत प्रभावित हुन सक्ने भएकोले खर्च व्यवस्थापनका लागि चौमासिक रुपमा सन्तुलित कार्यक्रम सञ्चालन तथा खर्च गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

१०. **विशेष भत्ता**: नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । कार्यालयले आन्तरिक आम्दानीबाट कार्यालयमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा प्रोत्साहन स्वरुप २५ प्रतिशत दरले रु.१६,८३,२४५।- भुक्तानी गरेको पाइयो । नेपाल सरकारले तोकिएको काम गरे वापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेखेको रकम मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

१२. **ठेक्का व्यवस्था**: यस बर्ष ३४ वटा ठेक्का व्यवस्था भएकोमा ३४ वटै तेस्रो चौमासिकमा ठेक्का व्यवस्था भएको पाइयो । ती ठेक्का कार्य आर्थिक वर्ष भित्र सम्पन्न भएको देखिएतापनि अन्तिम चौमासिकमा ठेक्का बन्दोबस्त गरी कार्य गराउदा कामको गुणस्तर समेत प्रभावित हुन सक्ने भएकोले कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार समयमानै ठेक्का व्यवस्था हुनु पर्दछ ।

१३. **सिमित प्रतिस्पर्धा:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (६) अनुसार कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्रहरु रद्द हुने व्यवस्था छ । कार्यालयले बोलपत्र/सिलवन्दी दरभाउपत्रको आधारमा उदाहरणार्थ निम्न ५ ठेक्कामा बोलपत्र बिक्री भएको, बोलपत्रको दाखिला र फिर्ता निम्नानुसार देखिएकोले बोलपत्र दाताबिच लागत अनुमाणको तुलनामा ५ प्रतिशत भन्दा कममा ठेक्का स्वीकृत भई न्यून प्रतिस्पर्धा देखियो ।

(रु.हजारमा)

| ठेक्का नं. | बोलपत्र बिक्री संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्र फिर्ता संख्या | लागत अनुमान रकम | स्वीकृत रकम | लागत भन्दा घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६/०७४।७५ | ३ | १ | ० | ५३५६.२० | ५३३४.८० | ०.४० |
| ९/०७४।७५ | २० | ५ | ० | २३८७.१० | २३२६.८० | २.५२ |
| १०/०७४।७५ | २० | ५ | ० | १७११.९५ | १७११.९५ | ०.० |
| १८/०७४।७५ | ८ | ७ | ० | १४८०.२० | १४६२.० | १.२२ |
| ३०/०७४।७५ | ११ | ३ | ० | १४८०.१० | १४६१.९० | १.२२ |

१४. **उपभोक्ता समितिको कार्य**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा डोजर,रोलर,ग्रेडर विटुमिन डिष्ट्रिव्यूटर विटुमिन

| | | |
|---|---|---|
| | व्वाईलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्नु पर्ने जटील प्रकृतिको कार्य सम्बन्धीत प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमति लिई त्यस्तो मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । त्यसै गरी नियम (१०)मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नु पर्ने तर कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट गराउन नपाइने उल्लेख छ ।<br>यस कार्यालयले यो वर्ष ११ उपभोक्ता समितिबाट विभिन्न सडक कालो पत्रे गर्ने जस्तो जटिल प्रकृतिको कार्य गराई रु.१,७३,९९,१८१।- भुक्तानी दिएको देखियो । उपभोक्तासंग निर्माण कार्यको सम्झौता गरेकोमा उपभोक्ताले अन्य सव कन्ट्राक्टर प्रयोग गरी प्राविधिक तथा कार्यालयको स्वीकृती वेगर हेभी मेशिनहरु प्रयोग गरी निर्माण कार्य गराएको नियम सम्मत देखिएन । यसमा छानविन गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १५. | **निर्माण कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष कार्यालयले उपभोक्ता समितिमार्फत् निर्माण कार्य गराई भुक्तानी दिएको देखियो । कार्यालयको उद्देश्य रोजगारीको सिर्जना गर्ने समेत नरहेकोले प्रतिस्पर्धात्मक तरीकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरिय निर्माण कार्य हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| १६. | **लगानी**: आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता,मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम सञ्चालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ ।<br>यो वर्ष चन्द्रोदय बहुउदेश्यिय सहकारी संस्था लिमिटेड जमुनियालाई ३ वर्ष पछि एकमुष्ट फिर्ता गर्ने गरी रु.२८,५०,०००।- शुलभ ऋण उपलब्ध गराएको देखियो । सर्वसाधारण नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गरी लगानी गर्नु पर्नेमा नाफा कमाउने उद्देश्यले स्थापित सहकारी संस्थालाई शुलभ ऋण उपलब्ध गराएकोले उक्त लगानीबाट सर्वसाधारण नागरिकलाई भन्दा सहकारी संस्थालाई लाभ पुगेको देखियो । नगरपालिकाले आयोजना छनौट गर्दा नागरिकलाई प्रत्यक्ष लाभ हुने योजनामा लगानी नगरी निश्चित व्यक्ति वा संस्थालाई लाभ हुने गरी लगानी गरेको रकम फिर्ता दाखिला गर्नु पर्दछ । | २८,५०,०००.०० |
| १७. | **बढी पेश्की फछ्र्यौट:** भौ.नं.४५४।२०७५।२।९,आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । यो वर्ष ढल निकास उपभोक्ता समिति वर्दघाट-१०लाई वाटो ग्राभेल तथा ढल निकास कार्यको लागि नगरपालिकाको श्रोतबाट रु.१०,००,०००।- भुक्तानी दिँदा निजको नाममा रहेको रु.३,००,०००।- मात्र पेश्की फछ्र्यौट भएकोमा रु.४,५०,०००।- पेश्की फछ्र्यौट देखाई अन्य व्यक्ति तथा फर्मको नाममा रहेको पेश्की विल भरपाई बेगर फछ्र्यौट गरेको देखियो । यसरी वास्तविक विल भरपाई भन्दा बढी पेश्की फछ्र्यौट देखाएको रु. १,५०,०००।-सम्बन्धीतबाट असूल गर्नु पर्दछ । | १,५०,०००.०० |
| १८. | **अनुदान:** भौ.नं.५२०।२०७५।२।२५,आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(७)मा आफूले जिम्मा लिएको सरकारी रुपैया र सोको हिसाब किताब विल भरपाई वा प्रमाण लेखाप्रमुख द्वारा राख्ने तथा राख्न लगाउने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यो वर्ष नेपाल रेडक्रस सोसाईटी वर्दघाट उपशाखालाई भवन निर्माणको लागि रु.९,५०,०००।-अनुदान उपलब्ध गराएकोमा उक्त रकम खर्च भएको रकमको विल भरपाई पेश गरेको छैन । शसर्त पूँजिगत अनुदानबाट निशर्त अनुदान उपलब्ध गराउन पाउने प्रचलित नियममा व्यवस्था नभएकोले विल भरपाई वेगर अनुदान दिएको उक्त रकम नियमसम्मत देखिएन । | ९,५०,०००.०० |
| १९. | **जिन्सी दाखिला:** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफनो कार्यालयमा रहेका खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्य खुलाइ जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाधी श्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले | |

तपसिलमा उल्लेखित पार्टीहरुसँग खरिद गरेको कार्यालय समान जिन्सी आम्दानी बाँधेको देखिएन ।यसरी जिन्सी दाखिला नगरी खर्चका विलको आधारमा मात्र बजेट खर्चलेखेको नियम सम्मत देखिएन । ७,८७,२७८.००

| गो भ.न.मिति | पार्टीको नाम | रकम |
|---|---|---|
| ४९।२०७४।६।९ | जनजागृति पुस्तक पसल तथा फोटोकपी | २०९१५५.०० |
| ५०।२०७४।६।१० | क्वालिटी छापाखाना तथा पुस्तक पसल | २२८२९०.०० |
| ६८।२०७४।६।१५ | रेसुङ्गा डेकोर प्यालेस | १४८७३३.०० |
| ७५।२०७४।६।१८ | जनजागृति पुस्तक पसल तथा फोटोकपी | ७८९५०.०० |
| ८३।२०७४।७।१ | क्वालिटी छापाखाना तथा पुस्तक पसल | ३९५००.०० |
| ३३०।२०७५।२।८ | रोयल कम्प्युटर सप्लार्यस | ८२६५०.०० |
| | **जम्मा** | **७,८७,२७८.००** |

२०. **पारिश्रमिक कर:** आयकर ऐन, २०५८को दफा ८७ बमोजिम प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको सवै  वार्षिक आय हिसाब गरी  पारिश्रमिक आयमा कर छुट पाउने रकम कट्टा गरी बाँकी रकममा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । यस कार्यालयमा कार्यरत निम्न ३ जना कर्मचारीले प्राप्त गरेको आयमा पारिश्रमिक कर लाग्ने देखिएकोमा पारिश्रमिक कर रु.७,४४९।१२ असूल गरी सञ्चित कोष दाखिला  गर्नुपर्दछ । ७,४४९.१२

| पदाधिकारीको नाम | वार्षिक पारिश्रमिक आय | कर छुट पाउने रकम | कर लाग्ने रकम | पारिश्रमिक कर |
|---|---|---|---|---|
| ज.स्वा.नि.श्री विष्णुप्रसाद रेग्मी | ५,०७,४१२।२० | ४,८६,८५८।४० | २०,५५३।८० | ३,०८३।०७ |
| सि.अ.हे.व.(छैठौं तह)श्री रामप्रसाद वस्याल | ५,०७,४१२।२० | ४,८६,८५८।४० | २०,५५३।८० | ३,०८३।०७ |
| हे.अ.(छैठौं तह)श्री रतन कुमार लाल दास | ४,९२,९७०।८० | ४८४,४१७६० | ८,५५३।२० | १२८२।९८ |
| | | | **जम्मा** | **७,४४९।१२** |

२१. **पाडा बजार:** भौ.नं.१४९।२०७४।१२।३०, साविक जमुनिया गा.वि.स.वडा नं. १ हालको बर्दघाट नगरपालिका वडा नं.१३ मा पर्ने पाडा लोड, अनलोड र बिक्री व्यवस्थापनमो लागि तत्कालिन जमुनिया गा.वि.स.ले आर्थिक वर्ष २०७३।७४ मा तिन वर्षकोलागि राजिव गुरुङ्ग संग रु. ७५ लाखको ठेक्का सम्झौता भए अनुसार यस वर्ष रु. २५ लाख प्राप्त हुनुपर्नेमा रु. ९ लाख २०७५।४।३मा बैंक दाखिला भएको देखियो । सम्झौता अनुसारको प्राप्त हुनुपर्ने बाँकी रु. १६ लाख असूल गर्नु पर्दछ । १६,००,०००.००

२२. **आयकर:** खजुरा खोला बर्दघाटको ढुङ्गा, बालुवा, ग्राभेल संकलनको लागि ए.के. निर्माण सेवा सँग रु.३१२००००।०० को ठेक्का सम्झौता भए अनुसार ठेक्का कवोल, त्यसमालाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.४०५६००।०० र १.५प्रतिशत आयकर रु.४८८००।०० समेत जम्मा रु. ३५,७२,४००।०० प्राप्त भएको मध्ये ठेक रकम र मूल्य अभिवृद्धि कर मात्र दाखिला भएकोले आयकरको रु.४६८००।०० संघीय सञ्चितकोषमा दाखिला गर्नु पर्दछ । ४६,८००।००

२३. **ठेक्का रकम:** आर्थिक वर्ष २०७४।७५ मा ठेक्का व्यवस्थापन भएका ५ ठेकेदारले कवोल गरेको रकम सम्झौतामा तोकिएको अवधि भित्र दाखिला नगरेकोले सम्झौता अनुसारको रकममा १० प्रतिशत ब्याज सहित असूल गर्नु पर्दछ । १३,६४,५००।००

| स्थान | ठेकेदार | सम्झौता रकम | प्राप्त रकम | बाँकी |
|---|---|---|---|---|
| आईतवारे साप्ताहिक हाटवजार | अजय शाही | २५५५००।०० | ० | २५५५००।०० |
| शुक्रवारे साप्ताहिक हाटवजार | श्याम बहादु शाही | ५५००००।०० | ० | ५५००००।०० |
| आईतवारे हाटवजार | डिल बहादुर गुरुङ्ग | १६००००।०० | ० | १६००००।०० |
| मंगलवारे पाडावजार | रुविन तामाङ्ग | ४७००००।०० | १४१०००।०० | ३२९०००।०० |
| बुधवारे हाटवजार | प्रविण तामाङ्ग | ७००००।०० | ० | ७००००।०० |
| | **जम्म** | **१५०५५००।००** | **१४१०००।००** | **१३६४५००।००** |

२४. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्र्यौट नभई वांकी रहेको देखियो । नियमानुसार पेश्की रकम फछ्र्यौट गर्नुपर्दछ । १,०२,०१,४२८.००

| सि.नं. | कार्यक्रमको नाम | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | बहुक्षेत्रीय पोषण | श्री ईन्दिराकुमारी बडाल | कार्यक्रम | २,४०,०००।०० |
| २ | वित्तीय समानिकरण, पूँजीगत | श्री दिलमाया थापा मगर | कार्यक्रम | १,७०,०००।०० |
| ३ | वित्तीय समानिकरण, पूँजीगत | श्रीटेकनारायणनवलपरिया, थारु | कार्यक्रम | १,७०,०००।०० |
| ४ | वित्तीय समानिकरण, पूँजीगत | श्री चन्द्रकान्त चापागाईं | कार्यक्रम | १,२०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | वित्तीय समानिकरण, पूँजीगत | श्री चन्द्रकान्त चापागाईं | कार्यक्रम | ७,८६,000।00 |
| ६ | वित्तीय समानिकरण, पूँजीगत | शहिद स्मृती सामुदायिक अस्पताल विकास केन्द्र | कार्यक्रम | १,९८,७०८।00 |
| ७ | वित्तीय समानिकरण, पूँजीगत | नेपाल विद्युत प्राधिकरण,परासी वितरण केन्द्र | कार्यक्रम | २७,४०,000।00 |
| ८ | वित्तीय समानिकरण, पूँजीगत | क्याम्पस खेल मैदान उपभोक्ता समिति | कार्यक्रम | २,८५,000।00 |
| ९ | वित्तीय समानिकरण, पूँजीगत | श्री अभिषेक लामिछाने | कार्यक्रम | २,२९,२००।00 |
| १० | वित्तीय समानिकरण, पूँजीगत | श्री लिलबहादुर चौधरी | कार्यक्रम | ५०,000।00 |
| ११ | वित्तीय समानिकरण, पूँजीगत | श्री प्रेमबहादुर सोमै | कार्यक्रम | २,००,000।00 |
| १२ | वित्तीय समानिकरण, पूँजीगत | प्रतिक्षालय देखि चौधरी गाउँसम्म सडक निर्माण उपभोक्ता समिति,बर्दघाट ७ | कार्यक्रम | १,५०,000।00 |
| १३ | राजश्व बाडफाड | सिप्रदी ट्रेडिङ्ग प्रा.लि | कार्यक्रम | ४१,९७,५२०।00 |
| १४ | आन्तरिक चालु खर्च | श्री दिलिप कुमार चौधरी | कार्यक्रम | ५०,000।00 |
| १५ | आन्तरिक चालु खर्च | श्री रविन्द्र विक्रम हमाल | कार्यक्रम | १,९५,000।00 |
| १६ | आन्तरिक चालु खर्च | श्री लिल बहादुर चौधरी | कार्यक्रम | ९०,000।00 |
| १७ | आन्तरिक चालु खर्च | श्री रोहित थारु | कार्यक्रम | ३०,000।00 |
| १८ | वित्तीय समानिकरण,चालु | श्री दुर्गाप्रसाद लामिछाने | कार्यक्रम | १००,000।00 |
| १९ | शिक्षा क्षेत्र,चालु | श्री माकुर सामुदायिक सिकाई केन्द्र,बर्दघाट | कार्यक्रम | २,००,000।00 |
| | | | **जम्मा** | **१,०२,०१,४२८.००** |

२५. **सामाजिक सुरक्षा भत्ताः** अर्थ मन्त्रालयको मिति २०७४।५।३० को परिपत्र अनुसार दोश्रो चौमासिकको लागि निकासा माग गर्दा प्रथम चौमासिकको सम्पूर्ण हिसाव विवरण र तेश्रो चौमासिकको रकम निकासा माग गर्दा दोश्रो चौमासिकको सम्पूर्ण हिसाव विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी वास्तविक रकम मात्र माग गर्ने व्यवस्था छ । यस कार्यालयले सामाजिक सुरक्षाको रकम माग गर्दा एम. आइ. एस. अभिलेख पेश गरी निकासा लिई प्रथम र दोश्रो किस्ता पेश्की फछ्र्यौट नै नगरी तेश्रो चौमासिक निकासा लिई पेश्की दिने गरेको र सोही पेश्की फछ्र्यौट गर्दा वितरण हुन नसकी फ्रिज हुनु पर्ने रकम बाँकी रहेकोले कार्यालयले माग गर्ने गरेको रकम यथार्थ हुन नसक्ने देखिएको छ । अतः कार्यालयले अर्थ मन्त्रालयको परिपत्र पालना गरी सामाजिक सुरक्षा रकम निकासा लिने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२६. **बाल शिक्षा शिक्षीकाहरुको पारिश्रमिकः** विद्यालय क्षेत्र विकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानीय तह) लगायत आ.ब २०७४।०७५ मा सञ्चालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बूँदा नं २.१५.११ (मा विद्यालय र विद्यालय सँग मातृ सम्बन्ध स्थापना गरी सञ्चालनमा रहेका प्रारम्भिक वाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको लागि प्रति महिना रु ६०००।- का दरले पारिश्रमिक व्यवस्था गरेको छ । बूँदा नं (क) अनुसार विद्यालयले सहयोगी कर्मचारीको प्रमाणित हाजिरी विवरण सहित सिफारीस गर्नुपर्ने तथा बूँदा नं (ग) मा उक्त कार्यकर्ताको लागि निकासा दिँदा सम्बन्धित सँस्थाले शैक्षिक तथ्याँक २०७४ भरी प्रमाणीत भएको एकिन गरेर सम्बन्धित श्रोतव्यक्ति तथा विद्यालय निरीक्षकबाट रुजु गराई निकासा दिने र बाल शिक्षा कक्षाहरुको विवरण अद्यावधिक गर्न लगाई सो को विवरण जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने व्यवस्था रहेको छ । नगरपालिकाले उक्त विवरणहरु संलग्न नगरी यस कार्यक्रम अन्तर्गत बाल विकास केन्द्र, कर्मचारी पारिश्रमिक तथा मसलन्दको रु.५९,२८,९९६।०० खर्च लेखेको छ । निर्देशिका बमोजिम हाजिरी विवरण र प्रगती प्रतिवेदेन राखी खर्च लेख्नुपर्दछ ।

२७. **पाठ्यपुस्तक निकासा खर्चः** विद्यालय क्षेत्र विकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानीय तह ) लगायत आ.ब २०७४।०७५ मा सञ्चालन हुने कार्यक्रमहरु सम्बन्धि कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।०७५ को बूँदा नं २.१५.११ कक्षा १ देखि १० सम्म अध्ययनरत बिद्यार्थीहरुका लागि पाठ्यपुस्तक अनुदान अन्तर्गत बुँदा नं ३ मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत दर बमोजिम पाठ्यपुस्तकको लागि अनुदान दिईने तथा पाठ्यपुस्तकको कक्षागत दर प्राप्त भएपछि शिक्षा बिभागको बेब साईटमा राखिनुका साथै जिल्लाहरुमा समेत पठाईने उल्लेख छ । स्थानीय तहले फ्लास रिपोर्टको आधारमा ४५ विद्यालयको विद्यार्थी संख्याको आधारमा पाठ्यपुस्तकको लागि रु.२८,५८,६२६।०० निकासा पठाएको छ । विद्यालयबाट कक्षागत विद्यार्थी हाजिरी विवरण र वितरणको प्रमाण पेश नभएकोले पाठ्यपुस्तकको खर्च एकिन गर्न सकिएन ।

२८. **बढी निकासाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकाबाट ४५ आधारभुत र माध्यमिक

विद्यालयका मागफारामका आधारमा सम्बन्धित शाखाबाट चेकजाँच गरी खर्च लेख्नु पर्नेमा नियुक्ति भई हाजिर भएको दिन अगावैको, मागभन्दा बढी, सरुवा भइ गएको दिन समेतको हिसाव गरी निकासा भएको रकम असूल हुनु पर्दछ । १०,३८,५८१.००

| पहिलो चौमासिक | | | |
|---|---|---|---|
| **विद्यालयको नाम** | **निकासा हुनुपर्ने रकम** | **निकासा रकम** | **बढी** |
| श्री दाउन्नेदेवी मा.वि.वर्दघाट | १४२४९३३ | १४२७७४० | २८०७ |
| श्री शान्तिनिकुञ्ज उ.मा.वि. | ८१९७०० | ८२९७०० | १०००० |
| **दोश्रो चौमासिक** | ० | ० | ० |
| भद्रकाली प्रा.वि वर्दघाट | ३०१६६१ | ३५०२३८ | ४८५७७ |
| **तेश्रो चौमासिक** | ० | ० | ० |
| ज्ञानज्योती मा.वि. | १००१९६० | १०७८५६० | ७६६०० |
| गंगा मा.वि.गंगावस्ती | २७३३६२४ | २८१०३२४ | ७६७०० |
| बाल्मिकी मा.वि. बर्दघाट | १८९६२२० | १९७३४२० | ७७२०० |
| नवजिव मा.वि. बर्दघाट | १४१८७६७ | १५१०९६७ | ९२२०० |
| दाउन्नेदेवी मा.वि. बर्दघाट | २९१४६०६ | ३२२१३४५ | ३०६७३९ |
| नित्यानन्द रत्नकुमारी मा.वि. जहदा | २३५३९२२ | २४२६२४४ | ७२३२२ |
| सरस्वती मा.वि. कुञ्ज नगर | २६५८६५४ | २७३७३९० | ७८७३६ |
| शान्ति निकुञ्ज मा.वि.बर्दघाट | १९०५५७६ | २१०२२७६ | १९६७०० |
| **जम्मा** | **१९४२९६२३** | **२०४६८२०४** | **१०३८५८१** |

२९. **नर्म्सभन्दा बढी भुक्तानी**: अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७३ अनुसार तालिम प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक नगर स्तरीय भएमा कार्यपत्र वापत रु.८००।०० र कक्षा सञ्चालन वापत रु.७००।०० गरी जम्मा रु.१,५००।०० भुक्तानी गर्न सक्ने तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ ।यस कार्यालयले नगरस्तरीय अभिमूखिकरण तालिममा कार्यालयकै कर्मचारी प्रशिक्षक भै कक्षा लिएकोमा कार्यपत्र वापत रु.८००।०० भुक्तानी दिनु पर्नेमा रु.१,५००।-का दरले भुक्तानी दिएकाले प्रति कार्यपत्र रु.७००।- को दरले नर्म्स भन्दा बढीका दरले निम्नानुसार ४४ वटा कार्यपत्रको भुक्तानी दिएको देखियो । निर्देशिकामा उल्लेख भएभन्दा बढी भुक्तानी रु. ३२,२००।-असूल गर्नुपर्दछ । ३२,२००.००

| भौ.नं./मिति | तालिम विवरण | प्रशिक्षक /कर्मचारी | कक्षा/ कार्यपत्र संख्या | पाउने दर | पाएको दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| १५/०७५।३।२८ | खाद्य सुरक्षा सम्बन्धि अभिमूखिकरण, वडा नं. १६ | सि.अ.हे.श्रीनिलकण्ठभण्डारी | ६ | ८०० | १,५०० | ४,२०० |
| | | सि.अ.हे.श्री ईन्द्र लामिछाने | १ | ८०० | १५०० | ७०० |
| | | का.अ.श्री श्री पुष्कर काफ्ले | १ | ८०० | १५०० | ७०० |
| | खाद्य सुरक्षा सम्बन्धि अभिमूखिकरण ,वडा नं. १४ | प्र.प.अ.श्री चिरञ्जिवी गिरी | ३ | ८०० | १५०० | २१०० |
| | | का.अ.श्री श्री पुष्कर काफ्ले | ३ | ८०० | १५०० | २१०० |
| | | सुहाआरा श्री मिरा चौधरी | २ | ८०० | १५०० | १४०० |
| | खाद्य सुरक्षा सम्बन्धि अभिमूखिकरण ,वडा नं. १५ | का.अ.श्री श्री पुष्कर काफ्ले | ४ | ८०० | १५०० | २८०० |
| | | ज.स्वा.नि.क.श्री कृष्णहरी पौडेल | ३ | ८०० | १५०० | २१०० |
| | | सुहाआरा श्री मिरा चौधरी | १ | ८०० | १५०० | ७०० |
| | खाद्य सुरक्षा सम्बन्धि अभिमूखिकरण ,वडा नं. ३ | प्र.प.अ.श्री चिरञ्जिवी गिरी | २ | ८०० | १५०० | १४०० |
| | | का.अ.श्री श्री पुष्कर काफ्ले | ४ | ८०० | १५०० | २८०० |
| | | सुहाआरा श्री मिरा चौधरी | २ | ८०० | १५०० | १४०० |
| | खाद्य सुरक्षा सम्बन्धि अभिमूखिकरण ,वडा नं. १५ | का.अ.श्री श्री पुष्कर काफ्ले | ४ | ८०० | १५०० | २८०० |
| | | ज.स्वा.नि.क.श्रीकृष्णहरी पौडेल | ३ | ८०० | १५०० | २१०० |
| | | सुहाआरा श्री मिरा चौधरी | १ | ८०० | १५०० | ७०० |
| | खानेपानी तथा स.स.समिति सम्बन्धि अभिमूखिकरण | का.अ.श्री श्री पुष्कर काफ्ले | २ | ८०० | १५०० | २८०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७५।३।२१,२२ गते | | | | | |
| | | प्र.प.अ.श्री चिरञ्जिवी गिरी | १ | ८०० | १५०० | ७०० |
| | | प्र.अ.श्री नारायण अर्याल | १ | ८०० | १५०० | ७०० |
| | | | **४४** | | **जम्मा** | **३२००** |

| | | |
|---|---|---|
| ३०. | **पूर्वनिर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायी नविन कन्सट्रक्सन, शुक्रवारे हाटबजार ट्रस निर्माण कार्य २०७४।६।६ सम्म काम सम्पन्न गर्ने गरी रु.४७,०६,६१०।९७ (मू.अ.कर वाहेक) को ०७३।१२।७ मा खरिद सभ्मौता भएकोमा ५० दिन ढिला गरी ०७४।७।२७मा कार्य सम्पन्न भएको कार्यालयलाई जानकारी गराएको देखिदा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने रु.१,१७,६६५।२७ पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरी दाखिला हुनु पर्दछ । | ११७,६६५.२७ |
| ३१. | **धरौटीः** भौ.नं.४/२०७४।०८।०४, सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२४(२) बमोजिम रिटेन्सन मनी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको वा कर समायोजन गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । शिव निर्माण सेवा, दुम्कीवासले रु.२,९३,५०१।- धरौटी फिर्ता भुक्तानी दिएकोमा कारोवार स्पष्ट नगरी आर्थिक वर्ष २०७२।७३ को एकमूष्ट कर चुक्ता पेश गरेको सो कर चुक्ता प्रमाणसंग कारोवार भिडान हुन नसकेकोले कर समायोजन प्रमाण बेगर भुक्तानी दिएकोमा सम्बन्धित कारोवार खुलेको कर समायोजन प्रमाण पेश गर्नु पर्दछ । | २,९३,५०१.०० |
| ३२. | **न्याय सम्पादनः** नगरपालिकाको न्यायिक समितिमा गत वर्षको जिम्मेवारी सहित ७९ मुद्दा दर्ता भएकोमा ३१ मुद्दाहरु मेलमिलाप गराई फछ्र्यौट गरेकोमा ४९ फछ्र्यौट गर्न बाँकी रहेको देखियो । | |
| ३३. | **वित्तीय जवाफदेहिताः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले नियम विपरित कर्मचारीलाई, बजेट शिर्षक अनुसार श्रेस्ता तयार नगरेको, वडा तथा नगरपालिका सञ्चालन खर्च तर्फको जिन्सी अद्यावधिक नगरेको, मर्मत अभिलेख नराखेको, सार्वजनिक खरिद नियम विपरित सोझै खरिद गरेको, जिन्सी निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको, नगरपालिकाको दरबन्दी बमोजिम पदपूर्ति नभएको, जिम्मेवारी बाँडफाड सहित गुणस्तर सुधारका सम्बन्धमा उपयूक्त उपायहरुको अवलम्बन नगरेको, खरिद कार्यको स्पेसिफिकेशन, डिजाईन र लागत अनुमान यथार्थ नभएको एवं ठेक्का व्यवस्थापनमा समय तालिकाको पालना र पूँजीगत खर्च चौमासिक रुपमा सन्तुलित ढंगले नगरी तेश्रो चौमासिकमा बढी खर्च गरेको सामाजिक सुरक्षा तर्फको अभिलेख अद्यावधिक नगरेको जस्ता व्यहोरा देखिएका छन् । नियमको व्यवस्थालाई अवलम्बन गरी वित्तीय जवाफदेहिता पालन गर्नु पर्दछ । | |
| ३४. | **अद्यावधिक बेरुजू स्थितीः** गत वर्षसम्म यस नगरपालिकाको असूल गर्नु पर्ने बेरुजू रु.१ लाख ४६ हजार, नियमित गर्नु पर्ने रु. २१ लाख ८९ हजार र पेश्की बाँकी रु.७८ लाख ९४ हजार रहेकोमा यो वर्ष असूल गर्नु पर्ने रु.४३ लाख १० हजार, नियमित गर्नु पर्ने रु. ४९ लाख २८ हजार र पेश्की बाँकी रु.१ करोड २ लाख १ हजार थप भई यो वर्ष सम्म असूल गर्नु पर्ने रु.४४ लाख ५६ हजार, नियमित गर्नु पर्ने रु.७१ लाख १७ हजार र पेश्की बाँकी रु.१ करोड ८० लाख ९५ हजार रहेको छ । | |